मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख १८ गते शुक्रबार ❑ 1 May. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## सञ्चारमाध्यमलाई उद्योगका रुपमा विकास गर्नुपर्छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सञ्चारमाध्यमलाई सूचना प्रवाह गर्ने संस्थाका रुपमा मात्र नभई दिगो र आत्मनिर्भर मिडिया उद्योगका रुपमा विकास गर्नुपर्ने बताउनुभएको छ।

प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकीद्वारा बिहीबार पोखरामा आयोजित सञ्चारमाध्यमको व्यवस्थापनसम्बन्धी अन्तर्क्रिया एवं कार्यशाला गोष्ठीमा उहाँले सञ्चारमाध्यम आफैँमा सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर व्यावसायिक प्रतिष्ठानका रुपमा स्थापित हुनुपर्नेमा जोड दिनुभयो । "प्रदेश सरकार सञ्चारमाध्यमलाई जिम्मेवार, मर्यादित र व्यावसायिक रुपमा सक्षम बनाउन आवश्यक सहयोग र सहजीकरण गर्न तयार छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो,




"यसका लागि सरकार, सञ्चार उद्यमी, सम्पादक, पत्रकार, विज्ञापन क्षेत्र र सरोकारवालाबीच व्यावहारिक सहकार्य आवश्यक छ।" परम्परागत सञ्चारमाध्यमहरु डिजिटल रुपान्तरणमा जानुपर्ने बताउँदै उहाँले डिजिटल माध्यमसँग जोडिएर पहुँच, प्रभाव र आम्दानीको नयाँ आधार तयार गर्नुपर्ने बताउनुभयो। मुख्यमन्त्री पाण्डेले विज्ञापनका लागि मात्र गरिने पत्रकारिता क्षणिक हुने भएकाले दीर्घकालसम्म नागरिकको विश्वास जित्ने सामग्री उत्पादन र सम्प्रेषण गर्न सञ्चारमाध्यम र पत्रकारलाई आग्रह गर्नुभयो। उहाँले सञ्चार क्षेत्रका माग र आवश्यतालाई प्रदेश सरकारको आगामी नीति, कार्यक्रम तथा बजेटमा यथासम्भव सम्बोधन गर्ने प्रतिबद्धता जनाउनुभयो । कार्यशाला गोष्ठीमा गण्डकी प्रदेशका विभिन्न जिल्लामा सञ्चालित रेडियो तथा टेलिभिजनका सञ्चालकहरुको सहभागिता थियो । गोष्ठीमा मिडिया अनुसन्धानकर्ता मधु आचार्य लगायतले सञ्चारमाध्यमको व्यवस्थापनका विषयमा सहजीकरण गर्नुभएको थियो । प्रेस रजिष्ट्रार विमला भण्डारी र प्रेस रजिष्ट्रारको कार्यालयका निर्देशक निराजन शर्माले कार्यालयको सेवा प्रवाह र भावी योजनाबारे प्रस्तुतीकरण राख्नुभएको थियो। कार्यक्रममा गण्डकी प्रदेशका प्रमुख सचिव डण्डुराज घिमिरे, नेपाल पत्रकार महासङ्घ, गण्डकीका अध्यक्ष रमेश पौडेल, न्यूनतम पारिश्रमिक निर्धारण समितिका पूर्वअध्यक्ष गङ्गाधर पराजुली, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (बान)का अध्यक्ष कुमार भट्टराई, सञ्चार उद्यमी विश्वशङ्कर पालिखेलगायतले सञ्चार क्षेत्रका समसामयिक विषयमा आ-आफ्ना धारणा राखेका थिए।

## सङ्क्रमणकालीन न्यायलाई छिटो निष्कर्षमा पुऱ्याउन सर्वोच्चको परमादेश

**रासस**
काठमाडौं, १७ बैशाख

सर्वोच्च अदालतले सङ्क्रमणकालीन न्यायसम्बन्धी उजुरीको अनुसन्धान गरी छिटो निष्कर्षमा पुऱ्याउन परमादेश जारी गरेको छ।

कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरु डा मनोजकुमार शर्मा, डा नहकुल सुवेदी, अब्दुल अजीज मुसलमान र टेकप्रसाद ढुङ्गानाको संवैधानिक इजलासले मङ्गलबार सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा परेका उजुरीको अनुसन्धानलाई छिटो निष्कर्षमा पुऱ्याउन सरकारका नाममा परमादेश जारी गरेको हो । "न्यायको पहुँचको अवरोध हटाउनका लागि दुई आयोगमा दर्ता भएका उजुरी प्रभावकारी रुपमा अनुसन्धान अगाडि बढाई छिटो निष्कर्षमा पुऱ्याउन परमादेश जारी गरिएको छ", सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले आज राससलाई जानकारी दिँदै भन्नुभयो, "यस विषयमा विगतमा भएका आदेश तथा निर्देशनात्मक आदेशको कार्यान्वयन गरी छिटो निकास दिन सरकारका नाममा परमादेश जारी गरेको छ ।" संवैधानिक इजलासले बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्यनिरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन (तेस्रो संशोधन), २०८१ अन्तरराष्ट्रिय मापदण्ड, सर्वोच्च अदालतको फैसला, कानुनअनुसार नै संशोधन गरिएको हुनाले संवैधानिक भएको ठहर गरेको छ। विस्थापित संविधानसभाका ज्येष्ठ सदस्य कुलबहादुर गुरुङ र अधिवक्ता डा ज्ञानबहादुर बस्नेतसमेतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदनमा उक्त ऐनको तेस्रो संशोधन असंवैधानिक भएको र दुवै आयोगका उजुरीलाई छिटो अनुसन्धान गरी निष्कर्षमा पुऱ्याउन माग गरिएको थियो। ऐनको तेस्रो संशोधनमा मानव अधिकारको गम्भीर उल्लङ्घन भन्ने शब्दको सट्टामा विभिन्न ठाउँमा मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन भनेर राखिएको छ । रिट निवेदनमा मानव अधिकारको गम्भीर उल्लङ्घन भन्ने शब्द मात्रै राखिनुपर्ने माग गरिएको थियो।

## तीन सय २५ को स्वास्थ्य परीक्षण: बीस जनामा क्यान्सर

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ बैशाख

तनहुँमा बुधबार र बिहीबार दुईदिनसम्म सञ्चालन गरिएको निःशुल्क स्वास्थ्य परीक्षणमा ३२५ जनाले सेवा लिएका छन्।

यही वैशाख १६ र १७ गते सञ्चालित शिविरमा महिलाहरूको पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, सुर्तीजन्य पदार्थबाट हुने नाक, कान, मुख र घाँटीको क्यान्सरलगायत रोगको परीक्षण गरिएकामध्ये बीस जनामा क्यान्सर देखिएको हो । उक्त परीक्षणबाट स्तनका आठ, पाठेघरको मुखको क्यान्सर छ र नाक, कान, घाँटीसम्बन्धी छ जनामा क्यान्सर देखिएको शिविरका डा अस्मिता राणाले जानकारी दिँदै उहाँहरूको थप उपचारका लागि भरतपुर क्यान्सर अस्पताल पठाइएको बताउनुभयो। नेपाल रेडक्रस सोसाइटी श्याम्घा उपशाखाको आयोजना, व्यास नगरपालिकाको आर्थिक सहयोग, विपी कोइराला क्यान्सर अस्पतालको प्राविधिक सहयोग र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको समन्वयमा निःशुल्क स्वास्थ्य परीक्षण गरिएको हो। रेडक्रस सोसाइटी सामाजिक संस्था भएकाले तनहुँ, कास्की र लमजुङ जिल्लाका नागरिकलाई लक्षित गरी शिविर सञ्चालन गरिएको नेपाल रेडक्रस सोसाइटी श्याम्घा उपशाखाका सभापति प्रमोद न्यौपानेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "दश वर्षपछि लाग्ने रोग आजको परीक्षणबाट थाहा हुने भएकाले शिविर महत्वपूर्ण र फलदायी भएको विश्वास गरिएको छ।"

## फेवा संरक्षित जलाधार व्यवस्थापकीय योजना कार्यान्वयनमा लगिने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

फेवातालको जलाधार क्षेत्र संरक्षणका लागि चार वर्षअघि बनाइएको 'फेवा संरक्षित जलाधार व्यवस्थापकीय योजना' कार्यान्वयन हुने भएको छ।

आर्थिक वर्ष २०७८/८९ मा बनेको उक्त योजना कार्यान्यवनका लागि वन तथा भू-संरक्षण विभाग, बृहत् जलाधार व्यवस्थापन केन्द्र, गण्डकी र कास्कीस्थित जिल्ला भू-तथा जलाधार संरक्षण समितिले पहल थालेका हुन् । सरकारले गत चैत १३ गते जारी गरेको एक सय बुँदे शासकीय सुधार कार्यक्रममा फेवा संरक्षित जलाधार क्षेत्रको अतिक्रमण हटाउने, पहिरो व्यवस्थापन, मुहान संरक्षण र जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम सञ्चालन गरी जलाधार क्षेत्रको संरक्षण गर्ने उल्लेख छ। उक्त योजना कार्यान्वयनको तयारी सुरु भएको जिल्ला भू-तथा जलाधार संरक्षण समितिका संयोजक एवं जिल्ला समन्वय समितिका प्रमुख लिलाधर पौडेलले बताउनुभयो । "फेवा संरक्षित जलाधार व्यवस्थापकीय योजनालाई अद्यावधिक र परिमार्जनसहित कार्यान्वयन गर्ने गरी समितिले वन तथा भू-संरक्षण विभागलाई सुझाव दिएको छ", उहाँले भन्नुभयो, "विभागबाट योजना स्वीकृत भएर आएपछि कार्यान्वयनमा जान्छ ।" सन् २०२२ देखि २०३१ सम्मको कार्यान्वयन अवधि तोकेर उक्त योजना निर्माण गरिएको थियो । फेवातालको जलाधार क्षेत्र संरक्षणलाई उच्च महत्त्व दिएर शासकीय सुधारका एक सय बुँदामा समेटेकामा समितिले सरकारप्रति आभार व्यक्त गरेको संयोजक पौडेलले बताउनुभयो। मङ्गलबार बसेको समितिको १४औँ बैठकले उक्त योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने निर्णयसमेत गरेको उहाँको भनाइ छ। बृहत् जलाधार व्यवस्थापन केन्द्र, गण्डकीका प्रमुख श्यामप्रसाद न्यौपानेले विभागका उपमहानिर्देशक उद्धवबहादुर घिमिरेसहित विज्ञको टोलीले फेवा संरक्षित जलाधार क्षेत्रको स्थलगत अवलोकन गरी उक्त योजना कार्यान्वयनमा विषयमा सरोकार भएका पक्षहरूसँग छलफल गरिएको बताउनुभयो । "जलाधार व्यवस्थापन केन्द्रले बनाएको व्यवस्थापकीय योजना विभागमा पुगिसकेको छ, विविध कारणले कार्यान्वयन हुन सकेको थिएन", उहाँले भन्नुभयो, "अद्यावधिक र परिमार्जनसहित विभागबाट स्वीकृत भएपछि केन्द्रमार्फत नै व्यवस्थापकीय योजना कार्यान्वयन हुन्छ।"

उक्त योजनाअन्तर्गत जलाधार क्षेत्रको अतिक्रमण हटाई पुनःस्थापना गर्ने, मुहान तथा पानीका स्रोत संरक्षण, पहिरो रोकथाम, वृक्षरोपण, सौन्दर्यीकरण, जलवायु अनुकूलनका कार्यक्रम सञ्चालन आदि गरिने प्रमुख न्यौपानेले बताउनुभयो।

जलाधार व्यवस्थापन केन्द्रका सूचना अधिकारी अमर अधिकारीका अनुसार फेवाताल संरक्षित जलाधार क्षेत्र एक सय २३ वर्ग किलोमिटरमा फैलिएको छ। फेवाताल र यसको जलाधार क्षेत्रको संरक्षण, एकीकृत विकास तथा व्यवस्थापनका लागि सरकारले विसं २०७८ मा फेवातालको जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा गरेको थियो।

## रोल्पा दुर्घटनामा थप दुई जनाको मृत्यु, मृतकको संख्या २० पुग्यो

**रासस**
रोल्पा, १७ बैशाख

रोल्पामा बिहीबार भएको जीप दुर्घटनामा परी मृत्यु हुनेको संख्या २० पुगेको छ।

उद्धार तथा खोजतलासका क्रममा २० जनाको शव घटनास्थलमा फेला परेको जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सुनिल थापा नेपालीले जानकारी दिनुभयो । उहाँका अनुसार दुर्घटनामा परी रुकुम पुर्वका सिस्ने गाउँपालिका-५ का ३२ वर्षीय समिर कामी घाइते भएका छन् । उहाँको आधारभूत जलजला अस्पताल थवाङमा उपचार भइरहेको प्रहरीले जनाएको छ। रुकुम पूर्वबाट रोल्पाको थवाङ गाउँपालिकाको जलजलातर्फ जाँदै गरेको लु १ ज ४१६७ नम्बरको जीप बिहीबार दिउँसो रोल्पाको थवाङ गाउँपालिका-१ सल्याप भन्ने ठाउँमा भिरबाट ८०० मिटर तल खसेर दुर्घटना भएको प्रहरी निरीक्षक थापाले जानकारी दिनुभयो। दुर्घटना लगत्तै जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रहरी प्रमुख विरेन्द्र विश्वकर्मा नेतृत्वको टोली घटनास्थल पुगी उद्धार तथा खोजी कार्यमा खटिएको उहाँले बताउनुभयो । भौगोलिक विकटता, वर्षा भइरहेको तथा राति भइसकेकाले खोजी तथा उद्धारमा कठिनाइ भइरहेको रोल्पा प्रहरीले जनाएको छ।

दुर्घटनामा परेको जीपमा सवार सबै जलजलामा वैशाख पूर्णिमाको अवसरमा लाग्ने मेलामा सहभागी हुन जाने तीर्थयात्री रहेका प्रहरी निरीक्षक थापाले उल्लेख गर्नुभयो। उहाँका अनुसार दुर्घटनामा परी मृत्यु भएकाहरूको सनाखत हुन सकेको छैन्।

## देशभरबाट ४१७ जना बिचौलिया पक्राउ

**रासस**
काठमाडौं, १७ बैशाख

पछिल्लो एक महिनाको अवधिमा देशभरबाट चार सय १७ बिचौलिया पक्राउ परेका छन् । नेपाल प्रहरीले काठमाडौं उपत्यकाबाट १२३, कोशी प्रदेशबाट ४५, मधेसबाट ५०, बागमतीबाट ७६, गण्डकीबाट २७, लुम्बिनीबाट ४४, कर्णालीबाट २४ र सुदूरपश्चिमबाट २८ जनालाई गरेको हो।

पक्राउमध्ये १२१ जनाविरुद्ध विभिन्न मुद्दा दर्ता गरिएको र २९६ जना व्यक्तिलाई छानबिनपछि छाडिएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्ले जानकारी दिनुभयो । बिचौलियारहित, नागरिकमैत्री, कानुनसम्मत, पारदर्शी र छिटोछरितो प्रभावकारी सेवा प्रवाहलाई सहज बनाउन प्रहरीले भूमिका खेल्दै आइरहेको उहाँको भनाइ छ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पर्यटन बोर्ड पुनर्गठन गर्न टान गण्डकीको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

नेपाल पर्यटन बोर्डको गण्डकी प्रदेशमा प्रदेश स्तरीय कार्यालय छ।

संघीयता कार्यान्वयन सगै यो कार्यालयको औचित्य माथि नै प्रश्न उठ्ने गरेका छन् । नेपाल पर्यटन बोर्डको कार्यशैली प्रति यहाँका पर्यटनसंग आवद्ध संघसंस्थाले असन्तुष्टि जनाउदै आएका छन् । पोखराका विभिन्न संघ संस्थाले संघीयताको मर्म अनुसार प्रदेश सरकार मातहतको गण्डकी प्रदेश पर्यटन बोर्ड गठन हुनुपर्ने आवाज उठाउदै आएका छन् । पर्यटनको क्षेत्रमा काम गर्ने अगुवा संस्था ट्रेकिङ



एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीले पब्लिक प्राइभेट पार्टनरसिप (पीपीपी) साझेदारीमा कार्य गर्ने गरी बोर्डको स्थापना भए पनि सो अनुसार बोर्डले काम गर्न नसकेको भन्दै बोर्डको पुनर्गठन हुनुपर्ने माग गरेको छ । बोर्डले उदेश्य अनुसार राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धन, प्रचार सामाग्री निर्माण र नयाँ गन्तब्यको खोजी गर्ने हो तर, व्यवहारमा देखिएन बोर्ड पुनर्गठन हुनुपर्छ टान अध्यक्ष कृष्ण आचार्यले भने । अन्तर्राष्ट्रिय बजारमा नेपालको प्रचारप्रसार हुन नसक्दा विदेशी पर्यटकको संख्यामा उल्लेख्य बृद्धि हुन सकेको छैन । टान गण्डकीले पर्यटन बोर्ड संघीयताको मर्म अनुसार पुनर्गठन गर्न गण्डकी प्रदेश सरकारसंग माग गरेको छ । टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यले गण्डकी प्रदेश उद्योग तथा पर्यटन मन्त्री यशोदा रिमाललाई ज्ञापनपत्र बुझाउँदै प्रदेश सरकारले पर्यटन क्षेत्रको आवश्यकतालाई बुझ्न नसकेको बताए । उनले पोखरा नेपालको पर्यटकको राजधानी घोषणा भइसेको अवस्थामा पनि पर्यटकको यथार्थ तथ्याङ्क संकलन हुन नसक्नु दुखको कुरा रहेको बताए । आचार्यले प्रदेश पर्यटन बोर्ड गठनका लागि मन्त्री रिमाललाई आग्रह गरे ।

# जिल्ला समन्वय समिति कास्कीद्वारा माछापुच्छ्रेका योजना अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

जिल्ला समन्वय समिति कास्कीद्वारा माछापुच्छ्रे गाउँपालिकाका योजना अनुगमन गरिएको छ।

जिल्ला समन्वय समितिले आर्थिक बर्ष २०८२ - ८३ मा उक्त गाउँपालिकासंग विभिन्न लागत साझेदारी बजेटमा बिनियोजित निर्माणाधीन योजनाहरूको अनुगमन गरिएको जिल्ला समन्वय समिति कास्कीले जानकारी दिएको छ।

यसरी अनुगमन गरिएका योजनाहरूमा जिल्ला समन्वय समिति कास्की र माछापुच्छ्रे गाउँ पालिकाको लागत साझेदारीमा निर्माणाधीन माछापुच्छ्रे गाउँपालिका वडा न ६ को वडा कार्यालय मर्मत सम्भार तथा कम्पाउण्ड निर्माण योजना, बराह मा बि भेडावारिको स्टेज निर्माण र कैलाश मा बि पर्खाल निर्माण योजना, वडा न ४ को



वडा कार्यालय तथा स्वास्थ्य चौकी मर्मत सम्भार योजना, वडा न ३ शुक्लागण्डकी मा बि को सभाहल, मेघराज आधारभुत बिद्यालय सभाहल निर्माण, वडा न ५ स्थित निस्पक्ष मा.बि. को सभाहल निर्माण योजना, वडा न ८ तारे बराह आहारभुत बिद्यालय भवन निर्माण योजना रहेका छन । अनुगमनका क्रममा जिसस कास्कीका प्रमुख लिलाधर पौडेलले बिनियोजित बजेट र निर्धारित मापदण्ड अनुसार गुणस्तरीय कार्यमा ध्यान दिन आग्रह गर्नुभयो । कमजोरी देखिएका केही योजनालाई तत्काल सच्याउन आग्रह गर्दै पौडेलले निर्माण कार्य प्रभाबकारी र निर्धारित समयमा सम्पन्न गर्न निर्माण कम्पनी ,साझेदार पालिका र सरोकारवाला उपभोक्ता जागरुक हुन आग्रह गर्नुभयो । अनुगमनमा जिसस कास्कीका सदस्यद्वय सुकमाया नेपाली, लक्ष्मी दमै, कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बराल सहित इन्जिनियर, प्राबिधिक तथा कर्मचारी र निर्माण कम्पनीका प्रतिनिधिहरू सहभागी रहनुभएको थियो।

# ज्येष्ठ नागरिक सञ्जालद्वारा मन्त्रीलाई ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

ज्येष्ठ नागरिक सञ्जाल नेपालले गण्डकी प्रदेशका सामाजिक बिकास, युवा तथा खेलकुद मन्त्री रेखा गुरुङलाई ज्येष्ठ नागरिकका हकहितलाई लक्षित गरी आज ध्यानाकर्षणपत्र बुझाएको छ।

ज्येष्ठ नागरिक सञ्जाल, नेपालका अध्यक्ष कुसुम केशव पराजुलीले उक्त ज्ञापन पत्र सामाजिक बिकास, युवा तथा खेलकुद मन्त्री गुरुङलाई हस्तान्तरण गर्नुभएको हो। ज्ञापनपत्रमा बिभिन्न कारणले १५ बर्षदेखि हालसम्म नागरिकता बिहिन जीवन बिताउन बाध्य भएका, असहाय, बेवारिसे, अशक्त र अपाङ्गता भएका ज्येष्ठ नागरिकहरुको नागरिकता, राष्ट्रिय परिचय पत्र र सामाजिक सुरक्षा भत्ताको ब्यवस्था तत्काल गर्न माग गरिएको छ। प्रदेश/जिल्ला भित्रका ज्येष्ठ नागरिकहरु लाई पालिका/वडास्तरीय तालिम प्राप्त प्राबिधिक, थेरापी, मनोपरामर्श सेवा एकीकृत जेरियाट्रीक स्वास्थ्य केन्द्रबाट संचालन गर्ने प्रबन्ध थालनी गराउनुपर्ने, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुमा स्वयमसेवी ब्यक्तिको लागि संख्याको आधारमा कम्तीमा बर्षको एक पटक पालिका/जिल्ला वा प्रदेश स्तरीय तिर्थाटन



लैजाने स्थानीय सरकार वा निजी क्षेत्रका ज्येष्ठ नागरिक स्याहारगृह लाई अनिवार्य ब्यवस्था गर्न लगाउनुपर्ने मागपत्रमा भनिएको छ। विशेषतःजीवनको उत्तरार्धमा देखा पर्ने बिस्मृति रोग (अल्जाईमर, डिमेन्सीया) को पहिचान गरी त्यस लाई न्युनिकरण गर्न, जनचेतना जगाउने कार्य गर्ने, उपचारका लागि सम्भव भएसम्म प्रदेशस्तरीय बिज्ञहरुको परामर्श सेवा थालेर हरेक जिल्लामा कम्तीमा एउटा अल्जाईमर स्क्रिनिङ्ग टेष्ट कार्यक्रमका लागि घुम्ती टोली खटाउन सञ्जालले माग गरेको छ। घरपरिवार छोराछोरी नभएका, नगद, सम्पत्ती नभएका असहाय, अशक्त, अपाङ्गता भएका स्वयमसेवी संस्थाले हेरचाह, स्याहारसुसार एवम उपचार गराउँदै आएका ब्यक्तिहरुको जिम्मेवारी सरकारको भएको उल्लेख गर्दै सञ्जालले निजहरुको जीविकोपार्जन र औषधि उपचारको लागि बजेट बिनियोजन गर्न माग गरेको छ।

ज्येष्ठ नागरिक हेरचाह केन्द्र वा दिवासेवाका नाममा समुदाय र निजीक्षेत्रबाट समेत हुने ब्यापार बन्द गर्ने, समुदाय वा निजी क्षेत्रमा हुने अनियमितता, भ्रष्टाचार वा अनियन्त्रित कमाउ धन्दा एबम सेवा र औषधि खरिदका नाममा पेशागत बिचौलियाको धन्दालाई नियन्त्रण गर्नुपर्ने, ज्येष्ठ नागरिकका क्षेत्रमा कार्यरत स्थानीय तहका संघसंस्थालाई सक्रिय बनाएर सो सम्बन्धी तालिम प्रशिक्षण प्रदान गर्दै घरपरिवार, युवा-बिद्यार्थीहरुलाई ज्येष्ठ नागरिकमा भएको “ज्ञान, शिप र अनुभव लाई पुस्ताहस्तान्तरण” कार्यक्रम संचालन गर्न समुदाय र स्थानीय तहलाई प्रेरित गर्नुपर्ने माग गरिएको छ। सक्रिय एवम स्वास्थ्य ज्येष्ठ नागरिक र गृहिणी महिलालाई घरपरिवारमा रोजगार सृजना गर्न तालिम दिएर उत्पादनमुलक कार्यक्रम गर्न प्रोत्साहन गर्न यसको लागि आवश्यक सबै प्रबन्ध गर्न सरकारले नीति, कार्यबिधि एवम कार्यक्रम ल्याउनुपर्ने, ज्येष्ठ नागरिक मैत्री पुर्वाधार सम्पन्न ज्येष्ठ नागरिक स्याहारगृह वा दिवासेवा केन्द्रमा आवासीय वा आँसिक स्याहार सम्बन्धी तालिम प्रदान गर्नुपर्ने उल्लेख गर्दै सञ्जालले घरपरिवार, समुदायमा आधारित स्वदेश वा बिदेशमा स्याहारकर्ताको उत्पादन गरी रोजगारी प्रदान गर्न सकिने जनाएको छ । ज्येष्ठ नागरिकका नाममा खुलेका अबैध संचालन हुँदै आएका संघसंस्था वा महसंघमा भए गरेका अनियमितता, भ्रष्टाचार र ठगी उपर नियन्त्रण गर्नुपर्ने बताउँदै सञ्जालले भ्रष्टाचार भएमा सरकारी वा न्याय निरुपण निकायले गलत क्रियाकलाप ठहराएमा सम्बन्धीत ब्यक्तिलाई कानुनी दायरामा ल्याएर दण्डित गर्नुपर्ने भनेको छ । ज्ञापनपत्र बुझ्दै मन्त्री गुरुङले उठाइएका मागका सम्बन्धमा आँफू सकारात्मक भएको बताउँदै यसको कार्यान्वयनका लागि सक्दो प्रयास गर्ने बताउनुभयो । कार्यक्रममा गण्डकी ज्येष्ठ नागरिक संघका उपाध्यक्ष धर्मबहादुर गुरुङ्ग, अधिवक्ता गीता लामिछाने, ज्येष्ठ नागरिक मञ्चका अध्यक्ष टोपराज ढुङ्गाना, ज्येष्ठ नागरिक संघका सचिव भीमप्रसाद चुवाई, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रका बिश्वनाथ पराजुली, लोकनाथ ढकाल र कल्पना पराजुली लगायतको उपस्थिति थियो।

# पोखरामा महिला गोल्डकप

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

आर.एस. पोखरा फुटबल क्लबको आयोजनामा पोखरामा शनिबारबाट महिला गोल्डकप आयोजना हँदैछ । पोखरा रंगशालास्थित फुटबल मैदानमा हुने प्रतियोगिताको उद्घाटन खेलमा आयोजक आर.एस. पोखरा फुटबल क्लब र नेपाल पुलिस क्लब भिड्दै छन् ।

पोखरामा महिला फुटबलको विकास गर्ने लक्ष्यका साथ पहिलो पटक महिलाको ठूलो प्रतियोगिता हुन लागेको हो। पोखराले महिला फुटबलको अभाव झेलिरहेको अवस्थामा पहिलो पटक हुने ठूलो प्रतियोगिताले यहाँको फुटबल फेरी जुरमुराउने आयोजकले विश्वास लिएको छ । क्लबका अध्यक्ष रमेश कार्कीका अनुसार पोखरामा हालसम्म स्तरीय महिला फुटबल प्रतियोगिता हुन सकिरहेको थिएन् । फुटबल क्षेत्रमै लागेका केसीले महिला फुटबलको विकास संगै पोखरालाई समेत फुटबलको हब बनाउनका लागि महिला फुटबलको सुरुवात गरेको सुनाए। यो प्रतियोगितालाई अब निरन्तरता दिदैं शुक्रबारबाट पोखरामा पनि महिला फुटबल हुन्छ भन्ने सन्देश दिन आवश्यक रहेको उनले सुनाए। ‘पोखरामा फुटबलका गतिविधि नै न्युन भइरहेको अवस्था छ त्यसमा पनि महिला फुटबल त झन हुनै सकेको थिएन् । पोखराले कहिल्यै स्तरीय महिला फुटबल आयोजना गर्न सकेन’ उनले भने, ‘तर, अब समय आएको छ हामीले आँट गरेका छौं । अब पोखरामा पनि महिला फुटबल हुन्छ भन्ने सन्देश दिनेछौं ।’ पहिलो संस्करण भएका कारण अधिकांशले प्रतियोगिता नै नहुने आशंका गरिरहँदा आफुहरुले त्यसलाई चिर्दै प्रतियोगिता सुरु गरेको सुनाए । पोखरामा यस अघि महिलाको गोल्डकप हुन सकेको थिएन् । महिला फुटबलको विकासका लागि स्थापित आरएसले पोखरालाई महिला फुटबल दिएको हो । ‘ पछिल्लो समय महिला फुटबलको लोकप्रियताले उचाई लिइरहेको सर्वविदितै छ । नेपाली राष्ट्रिय महिला फुटबल टिमको खेल र ती खेलमा दर्शकहरूको उपस्थिति पनि यसलाई प्रष्ट पार्छ’ उनले भने, ‘ महिला फुटबलमा गण्डकी प्रदेश पछि परिरहेको छ। साम्बा, विमाला विक जस्ता प्रतिभावान खेलाडी जन्माउने गण्डकी प्रदेशमा महिला गोल्डकप नहुनु झनै दुखद् पक्ष हो । हामीले अब महिला फुटबलको प्रवर्द्धन तथा विकास गर्नुपर्छ भनेर कदम चालेका छौं ।’

उनका अनुसार यो गोल्डकप पोखराबाट महिला खेलाडी उत्पादन गर्नका लागि समेत आयोजना गर्न लागिएको हो । आर.एस. पोखरा फुटबल क्लबले पछिल्लो समय महिला खेलाडी विकासमा काम गर्दै आइरहेको छ । पोखराबाट पहिलो पटक महिला राष्ट्रिय लिग खेल्न पुगेको थियो । आगामी उदेश्य नै लिग विजेता बन्ने रहेको कार्कीले बताए।

प्रतियोगिता तीन दिनसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको विजेताले नगद पाँच लाख रुपैयाँको साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । उपविजेताले तीन लाख रुपैयाँ प्राप्त गर्नेछ । यस्तै उत्कृष्ट खेलाडीले ३० हजार, उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्ताले समान १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । अनुसासित टिमले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

प्रतियोगिताको प्रवर्द्धकको रुपमा सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश, प्रदेश खेलकुद परिषद गण्डकी र पोखरा महानगरपालिका रहेको छ।

# सुकुम्बासी हटाउनु अघि पहिचान र विकल्प दिन ट्रेड युनियन महासंघको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

अखिल नेपाल ट्रेड युनियन महासंघ गण्डकी प्रदेशले पोखरामा रहेका सुकुम्बासी बस्ती हटाउने कार्य अघि बढाउनु अघि वास्तविक सुकुम्बासीको पहिचान गरी वैकल्पिक व्यवस्था गरेर मात्र हटाउन सरकारसँग जोडदार माग गरेको छ।

विहिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै महासंघका प्रदेश अध्यक्ष रुद्र गौतमले बिना विकल्प गरिब तथा श्रमजीवी जनताको घरटहरा भत्काउने कार्य अमानवीय हुनु बताउनु भयो । सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थित रूपमा पुनर्स्थापना नगरी डोजर प्रयोग गरी हटाउने कार्यले सामाजिक अन्याय बढाउने उहाँको भनाई थियो । पोखरा महानगरपालिकाले ३५ दिने सूचना जारी गर्दै सुकुम्बासी बस्ती हटाउने तयारी थालेपछि विभिन्न ट्रेड युनियनहरूमा त्रास सिर्जना भएको महासंघको भनाइ छ। यदि राज्यले जबरजस्ती हटाउने प्रयास गर त्यसका बिरुद्ध आफूहरू आन्दोलनमा उत्रिने अध्यक्ष गौतमले चेतावनी दिनुभयो।

अध्यक्ष गौतमले सरकारले निष्पक्ष रूपमा सबै अतिक्रमित जग्गामा बनेका संरचना हटाउन सुरु गरेको खण्डमा मात्र आफूहरू पनि सहयोग गर्न तयार रहेको जनाउनु भयो । पोखरा बसपार्क क्षेत्रमा रहेको करिब २०५ रोपनी जग्गा व्यवस्थित रूपमा विकास गर्नुपर्ने धारणा राख्दै, कुनै विभेद बिना सबै संरचना हटाइए आफूहरूले प्रयोग गरिरहेको जग्गा समेत खाली गर्ने अध्यक्ष गौतमको दाबी छ । पोखरा बस पार्कको जग्गा २०३१ सालमा अधिग्रहण गरी २ सय ५ रोपनी क्षेत्रफलमा बसपार्क बनाउने योजना अघि सारे पनि हाल पोखरा बसपार्कको १९ रोपनी मात्र जग्गा खाली रहेको उल्लेख गरिएको छ । बाँकी जग्गा केही भाडामा त केही सुकुम्बासी बस्तीले ढाकिएको छ । पोखरा बस पार्कमा एक विद्यालय सहारा आधारभूत विद्यालय सतिह ४ सय ५७ घर तथा टहरा रहेको जनाइएको छ। त्यसैगरी, महासंघले बढ्दो महँगी, पेट्रोलियम पदार्थको मूल्यवृद्धि र श्रमिकहरूको रोजगारी संकटप्रति पनि चिन्ता व्यक्त गरेको छ। दैनिक उपभोग्य वस्तुको मूल्य नियन्त्रण गर्न र श्रमिकमैत्री नीति ल्याउन सरकारसँग माग गरेको छ । साथै, सामाजिक सुरक्षा कोषको प्रभावकारी कार्यान्वयन गर्न पनि महासंघले जोड आवाज उठाएको छ । महासंघले सरकार समक्ष श्रमिकहरूको मौलिक अधिकार सुनिश्चित गर्दै मानवीय र न्यायपूर्ण नीति अवलम्बन गर्न आग्रह गरेको छ। विश्व मजदुर दिवसको एक दिन अघि महासंघले उक्त माग अघि सारेको हो । यसैबिच, पोखराका मेयर धनराज आचार्यले यसपाली कुनै पनि हालतमा पोखरामा रहेका सुकुम्बासी बस्ती स्वत स्फुर्त रुपमा हटाउन आग्रह गर्नु भएको छ।


## शान्ति र सद्भाव कायम गरौं ।

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिंडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक वानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- वुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुर्‍याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।

– थोमस फुलर

## सम्पादकीय

# १३७ औं मइ दिवसको शुभकामना !

मजदुरहरुले गरेको सर्घषको इतिहासलाई सम्झेर मे दिवस मनाइने गरिएको छ। १३६ बर्ष पहिला मे १ तारिकका दिन संसार निर्माण गर्ने श्रमिक वर्गले संघर्ष, एकता र वीरताको प्रदर्शन गरेका थिए। आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन लगायतका माग सहित अमेरिकाको शिकागो शहरमा मजदुरहरुले वलिदानी संघर्ष गरेका थिए। त्यही संघर्षले सफलता हासिल गरेका हुँदा मे १ लाई अन्तर्राष्ट्रिय श्रमिक दिवसको रुपमा मनाउन थालिएको हो। मे १ मा संसारभरका मजदुरहरुले आफ्ना अधिकार प्राप्तिको लडाइको स्मरण गर्दै आएका छन्। मजदुरले त्यो अधिकार प्राप्त गर्न थुप्रै मजदुरहरुले आफ्नो रगत पसिना बगाएका छन्। त्याग र बलिदानकै प्रतिफल अहिलेको अवस्थामा मजदुरहरुले थप अधिकारका लागि संघर्ष गर्नुपर्ने अवस्था बन्दै गएको छ।

निरंकुश शासनकालमा मजदुरहरुले आफ्ना माग सुनाउन पनि सक्ने अवस्था थिएन। नेपालका श्रमिकहरुले मे १ का दिन लड्दै आएको गौरवपूर्ण इतिहास छ। लोकतन्त्र पछि मे १ का दिन सार्वजनिक विदा दिने अवस्था मजदुरहरुले गरेको आन्दोलनको प्रतिफल हो। नेपालमा निरंकुशतन्त्रको अन्त्य भइ लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ।फेरी देश निरंकुश शासनतिर फर्काउन खोज्दैछ कि भन्ने आशङ्का छ। नेपालमा विसं २००३ मा मजदुरहरूले विराटनगरको जुट मिलबाट सुरु गरेको मजदुर आन्दोलनले अन्ततः जहानियाँ राणाशासनलाई घुँडा टेकायो। २००७ सालको प्रजातन्त्र स्थापनापछि पञ्चायती शासन व्यवस्थाको अन्त्य गर्दा होस् या दश वर्षे सशस्त्र संघर्ष वा २०६२/ ०६३ को जनआन्दोलन गर्दा होस्, नेपालका सबै राजनीतिक परिवर्तनहरूमा नेपाली श्रमिकहरूले पहिलो पङ्क्तिमा रहेर गरेको योगदान महत्वपूर्ण छ। नेपालमा २०४६ सालपछि मात्र आफ्नो उचाइ लिएको ट्रेड युनियन आन्दोलनले २०७२ को संविधानको धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गरेपछि कानुनी रूपमा श्रमिकका आवाजहरू थप व्यवस्थित भएको देखिन्छ। उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई संविधानले सुनिश्चित गरेको छ। प्रत्येक श्रमिकलाई श्रम अभ्यासको हक हुने, ट्रेड युनियन खोल्ने र त्यसमा सहभागी हुने तथा सामूहिक सौदावाजी गर्न पाउने व्यवस्थालाई संविधानले आत्मसात् गरेको छ। श्रमिकका हक, हित र सुविधालाई व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार र कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न र श्रम शोषणका सबै अवशेषको अन्त्य गर्न श्रम ऐन, २०७४ जारी गरी लागूसमेत गरिएको छ।

श्रमिकको व्यावसायिक तथा पेसागत हक हितलाई संरक्षण र संवर्द्धन गर्न ट्रेड युनियन ऐन, २०४९ लागू गरिएको छ। निजामती सेवा ऐन २०४९ ले पनि ट्रेड युनियनको अधिकारलाई कानुनी रूपमा थप संस्थागत गरेको छ। कर्मचारीहरूको पेसागत हक हित र सुरक्षाका लागि आधिकारिक ट्रेड युनियन खडा गरिएको छ। आइएलओ महासन्धिलाई नेपालले अनुमोदन गरेको छ। केपी शर्मा ओली नेतृत्वको सरकारले सामाजिक सुरक्षाको लागि केही नयाँ कार्यक्रम ल्याएको थियो। मजदुरको दीर्घकालीन हित हेरेर संस्थागत रूपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रबन्ध गरिएको हो। सरकारले सामाजिक सुरक्षा योजना कार्यान्वयन गरेको छ। यसमा सहभागी हुने श्रमिकले अब उप्रान्त औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना र अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजनाअन्तर्गत आर्थिक सहायता प्राप्त गर्नेछन्। यतिखेर देशको आर्थिक व स्थिति कमजोर छ। रोजगारी र जीविकामा परेको क्षति अभूतपूर्व हुने देखिन्छ। मुखले मजदुरको कुरा गर्ने व्यबहार मजदुरको अहित गर्ने खालको छावर्गीय पक्षधरता हराउँदै दलाल र विचौलीयाको लागि काम गर्नेको बोलवाला छायसपालि अन्तर्राष्ट्रिय मजदुर दिवस मनाइरहदा विश्वभरिका मजदुरहरूले रोजगारी गुमाउने,महंगीको मार खेप्नुपरेको छ। मजदुर मध्ये पनि सङ्गठित वा अनौपचारिक क्षेत्रमा काम गर्ने दैनिक ज्यालादारी, निर्माण क्षेत्रका श्रमिक तथा साना व्यापारमा समाहित कामदारहरू सबैभन्दा धेरै मर्कामा पर्ने देखिएको छ। जस्ले राज्यलाई झुकाउन सक्छ उस्ले अधिकार र सुविधा पाउने काम नगर्दा चुल्हो नबल्नेको बोलिदिने राज्य संयन्त्र नहुँदा सहनुपर्ने बाध्यता छ।

आइएलओको अनुसार विश्वका डेढ अर्बभन्दा धेरै त्यस्ता मजदुरको रोजगारी जोखिममा परेको छ। कुनै वैकल्पिक आम्दानीको अभावमा यी मजदुर र तिनका परिवारको जीविका सङ्कटमा पर्नेछ। नेपालमा पनि लाखौं मानिस असंङ्गठित क्षेत्रमा काम गर्छन्। विश्वमा त्यस्ता धेरै श्रमिक छन् जो साँझ खान र बस्नको निमित्त मात्रै आफ्नो भरदिन श्रममा खर्चिरहेका हुन्छन्। नेपालमा निर्वाचनबाट दुई तिहाइ बहुमत प्राप्त सरकार छाउसैले ट्रेड युनियन अधिकार खोस्न कानुन बनाउन अध्यादेश ल्याउन राष्ट्रपति समक्ष सिफारिस गरेको छ। काम गरि खाने सुकुम्बासीलाई डोजर लगाई विचल्ली पारेको छ।" गरिबको चमेली ,"बोलीदिने कोही छैन " भन्ने अवस्था छ। मजदुर र श्रमिकले चुनौतीपूर्ण परिस्थिति व्यहोरिरहेका छन। सामाजिक सुरक्षा कार्यक्रम, वैदेशिक रोजगारीमा गएकालाई सामाजिक सुरक्षामा जोड्ने, असंगठित क्षेत्रका मजदुरको स्वास्थ्य र सुरक्षामा ध्यान कसैलाई छैन।चुनावको बेला मजदुरको कुरा गर्ने सरकारमा रहँदा विरुद्ध लाग्ने प्रबृत्ति छ।नेपालको अर्थतन्त्र विदेशमा काम गर्नेछ श्रमिकले पठाएको रेमिट्यान्सले योगदान पुऱ्याएको छातिनको कारण देश जेनतेन चलेको छ। वैदेशिक रोजगारीमा गएका श्रमिकको अधिकारको पक्षमा पैरवी र संबंधित देशसंग सामाजिक सुरक्षा र श्रम अधिकारका लागि सार्थक पहल अहिलेको खाँचो हो। श्रमिक दिवसले सबैलाई यस विषयमा गम्भीरतापूर्वक सोच्न प्रेरित गरोस् १३७औ मइ दिवसको शुभकामना।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# एक्काइस महिना देखाएर समापन गरियो हनुमान नाच

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ बैशाख

नेवारी समुदायमा संरक्षित तीन सय वर्ष पुरानो हनुमान नाच २१ महिनापछि विधिवत् रूपमा समापन गरिएको छ। यहाँको तीन सय वर्षको जीवन्त इतिहास बोकेको हनुमान नाच नौ वर्षपछि विसं २०८१ भदौ ११ गते शुभारम्भ गरिएको थियो।

उक्त नाच १९ पटक देखाएर बागलुङ बजारको हनुमान पौवामा पुगेर मङ्गलबार समापन गरिएको र आगामी तीन वर्षपछि देखाउने योजना बनाएको हनुमान नाच संरक्षण परिषद्का अध्यक्ष तीर्थप्रसाद श्रेष्ठले जानकारी दिनुभयो। गालामा अनेकथरी रङ्ग पोतिएको, शिरमा श्रीराम लेखिएको रातो पट्टि, शरीरको माथिल्लो भागमा रातो र तल्लो भागमा सेतो पहिरन, पछाडि पुच्छर जोडेर हनुमान जस्तै देखिने १३ जोडी युवा विभिन्न १० तालमा नाच्दै हिँड्ने परम्परा यहाँका नेवार समुदायले करिब तीन सय वर्षदेखि बचाउँदै आएका छन्। नाचको बीचबीचमा हनुमानहरूलाई वीर चढ्ने दृश्यले सबैलाई मोहित बनाउने गरेको छ। उनीहरू अचेत जस्तै बनेर हल्लिन्छन्। नाचमा सहभागी पुजारीले पूजाविधिका कारण हनुमानहरूलाई वीर चढ्ने (लाग्ने) गरेको बताइन्छ।

यसपटक पनि विगतमा जस्तै दुई/दुई जनाको जोडी बनाएर सङ्गीतको तालमा नाच्न १९ पटकमा ४२ युवाको सहभागिता रहेको थियो। शुभारम्भ, समापन, बागलुङ महोत्सव, बसपार्क उद्घाटन र अतिथि स्वागत, गलकोटमा देखाइएको नाचसँगै १४ वटा टोल पूजा सम्पन्न गरिएका छ। मल्ल राजाको पालामा भक्तपुरबाट सुरु गरेको 'हनुमान नाच' बागलुङका नेवार समुदायले संरक्षण गरेर देखाउँदै आएका छन्। कोरोनालगायत कारण नौ वर्षमा देखाइएको नाच २१ महिनामा १९ पटक देखाएर समापन गरी बागलुङ बजारको हनुमान पौवामा हनुमानको मूर्ति बागलुङ बजार परिक्रमा गरी पुनः प्रतिस्थापन गरिएको छ। खर्चिलो नाचका रूपमा रहेको यो नाच व्यवस्थापनमै कठिन भएपछि तीन वर्षमा देखाइने नाच विस्तारै पाँच वर्ष, सात वर्ष र हाल नौ वर्षमा मनाउन थालिएको हनुमान नाचका प्रधानकजी ईश्वरप्रसाद मलेपतीले जानकारी दिनुभयो। उक्त नाच रामायण कथामा आधारित रहेको छ। भक्तपुरका नेवार समुदाय विसं १७६८ मा व्यापार तथा व्यवसाय गर्नका लागि बागलुङ आएसँगै हनुमान नाच नाच्न थालिएको इतिहास पाइन्छ। बीचमा हराएको नाचले २०१३ सालदेखि निरन्तरता पाउन थालेको मलेपतीले बताउनुभयो। नाच बागलुङ नगरपालिका-३ नारायणचोकको भीमसेन मन्दिरभित्र नास्योध्योलाई पूजा गरेर हनुमान पौवामा गएर हुनमानको पूजा गरेपछि विधिवत् रूपमा हनुमान नाच शुभारम्भ हुने गर्दछ। विसं २०८१ भदौ ११ गते नारायणचोकबाट नौ वर्षपछि सुरु भएको हनुमान नाच किनाराटोल, राधाकृष्ण टोल, धौलागिरि चोक, आवारोड, सृजना टोल, गलकोट हुँदै कालिका मन्दिरसहित शुभारम्भ र समापनसहित १९ स्थानमा देखाइएको छ। हनुमान नाच समापन समारोहमा बागलुङ नगरपालिका प्रमुख वसन्तकुमार श्रेष्ठले बागलुङको पहिचानसँग हनुमान नाच जोडिएको बताउनुभयो। कार्यक्रममा हनुमान नाचमा सहभागी कलाकार, वाद्यवादक, प्रधानकजी तथा कजीलाई सम्मान गरिएको थियो।

# बागलुङको दुर्गम गाउँमा बन्यो पाँच श्ययाको अस्पताल

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ बैशाख

जिल्लाको तमानखोला गाउँपालिका-५ खुङ्खानीमा पाँच श्ययाको आधारभूत अस्पताल निर्माण सम्पन्न भएको छ। दुर्गम क्षेत्रका स्थानीय बासिन्दालाई सहज र नजिकबाट स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले निर्माण गरिएको उक्त अस्पतालबाट स्थानीयस्तरमै आधारभूत उपचार सेवा उपलब्ध गराउने अपेक्षा गरिएको हो।

हालसम्म सामान्य स्वास्थ्य उपचारका लागि टाढाका सहर धाउनुपर्ने बाध्यता भोग्दै आएका स्थानीयवासीका लागि यो अस्पताल ठूलो उपलब्धि मानिएको छ। विशेषगरी आकस्मिक अवस्था, गर्भवती महिलाको सेवा, बालबालिका तथा ज्येष्ठ नागरिकको उपचारमा यसले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास गरिएको तमानखोला गाउँपालिका उपाध्यक्ष हीराकुमारी छन्त्यालले बताउनुभयो। खुङ्खानीमा समाज काठमाडौं र स्वास्थ्यचौकी व्यवस्थापन समितिको पहलमा स्थानीयबाट रु २८ लाख बढी रकम सङ्कलन गरी रु १८ लाखमा जग्गा खरिद गरेर अस्पताल निमार्ण सुरु गरिएको थियो। विसं २०७८ मा पुनर्निर्माण प्राधिकरणअन्तर्गत निर्माण सुरु गरिएकामा पुनर्निमार्णको म्याद सकिएसँगै सघन सहरी विकास कार्यालय बागलुङले कामको जिम्मा लिएको थियो। करिब सात रोपनी क्षेत्रफलमा निर्माण गरिएको उक्त अस्पतालले खुङ्खानी स्वास्थ्यचौकीबाट प्रदान गरिँदै आइएको सम्पूर्ण सेवा उपलब्ध गराउने तमानखोला गाउँपालिका-५ का अध्यक्ष एवं अस्पताल व्यवस्थापन समितिका अध्यक्ष हीराबहादुर विश्वकर्माले बताउनुभयो। उहाँका अनुसार आधुनिक संरचनाअनुसार निर्माण गरिएको अस्पतालमा आवश्यक पूर्वाधार तयार भइसकेका छन् भने स्वास्थ्य सामग्री व्यवस्थापन र जनशक्ति व्यवस्थापनको काम अन्तिम चरणमा पुगेको छ। "अहिलेलाई नयाँ भौतिक संरचनामा रहेर अत्याधुनिक र सुविधासम्पन्न सेवा थप होला भन्नेमा आशावादी छौँ", स्थानीय तेजमान सिर्पालीले भन्नुभयो, "अस्पताल निर्माण हुनु भनेको यहाँका स्थानीयका लागि ऐतिहासिक उपलब्धि हो। यसले सहज र गुणस्तरीय सेवा प्रदान गर्नेमा हामी विश्वस्त छौँ।" अब गाउँमै गुणस्तरीय र नियमित स्वास्थ्य सेवा उपलब्ध गराउन सम्बन्धित निकायसँग आग्रहसमेत गरेका छन्। उहाँले प्राथमिक उपचारको लागि मात्र नभएर अन्य थप सेवा पनि लिनको लागि स्थानीय सरकारले ध्यान दिनुपर्ने बताउनुभयो। तमानखोला गाउँपालिका-५ का वडाध्यक्ष एवं अस्पताल व्यवस्थापन समितिका अध्यक्ष विश्वकर्माले अस्पताल सञ्चालनमा आएपछि प्राथमिक स्वास्थ्य सेवासँगै सामान्य परीक्षण, औषधि वितरण, सुत्केरी सेवा तथा आधारभूत प्रयोगशाला सेवा उपलब्ध गराउने योजना रहेको बताउनुभयो। यसले स्थानीयवासीको स्वास्थ्य सुरक्षामा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। आधारभूत अस्पतालमो मापदण्डा पूरा भए पनि प्रदेश सरकारबाट मान्यता नपाउँदासम्म भने स्वास्थ्यचौकीकै सेवा प्रदान भइरहने छ। अस्पताल पूर्ण रूपमा सञ्चालनमा ल्याउने तयारी गरिरहेको उपाध्यक्ष हीराकुमारी छन्त्यालको भनाइ छ।

अस्पताल प्रभावकारी रूपमा सञ्चालन हुनसकेमा यस क्षेत्रका हजारौं नागरिक प्रत्यक्ष लाभान्वित हुनेछन्। साथै स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि हुने विश्वास स्थानीयको छ।

# रिलायन्स फाइनान्सका ग्राहकलाई स्पामा छुट हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

रिलायन्स फाइनान्स का ग्राहक वा कर्मचारीलाई व्यक्तिगत सौन्दर्य र स्पा सेवामा आकर्षक छुट पाउने भएका छन्।

रिलायन्स फाइनान्स र ट्याक्यूलिटि स्पा बीच भएको नयाँ सम्झौताअनुसार स्पा सेवामा अधिकतम् २५ प्रतिशतसम्म छुट उपलब्ध हुनेछ। साथै, अन्य विभिन्न सेवाहरूमा १५ देखि २० प्रतिशतसम्मको सहुलियत पनि प्रदान गरिनेछ।

कमलादीस्थित रिलायन्स फाइनान्सको प्रधान कार्यालयमा सम्पन्न सम्झौतापछि अब तपाईंले यो सुविधा सजिलै प्रयोग गर्न सक्नुहुनेछ। विशेषगरी, मोबाइल बैंकिङ एप वा एटीएम कार्डमार्फत भुक्तानी गर्दा यी छुटहरू लागू हुनेछन्। ट्याक्यूलिटि स्पाले काठमाडौंका विभिन्न होटलहरूबाट पनि आफ्नो सेवा विस्तार गर्दै आएको छ, जसले गर्दा तपाईंलाई सेवा लिन थप सहज हुनेछ। रिलायन्स फाइनान्सले यसअघि पनि विभिन्न संस्थासँग सहकार्य गर्दै आफ्ना ग्राहकलाई यस्ता अतिरिक्त सुविधाहरू प्रदान गर्दै आएको छ। देशभर फैलिएका आफ्ना २१ शाखामार्फत फाइनान्सले ग्राहक-केन्द्रित सेवा विस्तारलाई निरन्तरता दिएको देखिन्छ।

# सिटिजन फर्निचरका संचालक कार्की, गितकार बस्याल प्रदेशबाट सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

पोखरा न्यूरोडमा सञ्चालित सिटिजन फर्निचरका सञ्चालक युवा व्यवसायी दीपक कार्की गण्डकी प्रदेश सरकारबाट सम्मानित हुनु भएको छ।

सामाजिक तथा खेलकुदका विभिन्न संघ संस्थामा आबद्ध कार्कीलाई गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले आज (विहीबार) एक समारोहका बिच सम्मान गरेको हो। गण्डकी प्रदेश स्तरीय युवा प्रतिभा पहिचान तथा सम्मान कार्यक्रम अन्तर्गत कार्कीलाई सम्मान गरेको मन्त्रालयले जनाएको छ।

प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री रेखा गुरुङ, सचिव डा.शेषनारायण पौडेल र उपसचिव घनश्याम पौडेलले उहाँहरुलाई सम्मानपत्रको साथमा दोसल्ला र माला लगाउदै सम्मान गर्नु भएको हो। गण्डकी प्रदेशको राजधानी पोखरा र यसको सेरोफेरोमा हुने बजारको ठूलो हिस्सा उहाँले सञ्चालन गरेको सिटिजन फर्निचरले ओगट्ने गरेको छ। कार्की समाज सेवाका लागि चर्चित हुनुहुन्छ। सामाजिक काममा आफै खटिनेदेखि सामाजिक कार्यका लागि आर्थिक सहयोग पनि निरन्तर गर्दै जाने व्यक्तिका रुपमा परिचित हुनुहुन्छ। कार्कीसँगै गायक तथा संगीतकार एवं संचारकर्मी सन्तोष बस्याल पनि सम्मानित हुनु भएको छ। पत्रकारितासँगै संगीत कर्मलाई निरन्तरता दिदै आएका बस्याललाई मन्त्रालयले सम्मान गरेको हो। त्यसै गरी मन्त्रालयले अन्य व्यक्तिहरुलाई समेत सम्मान गरेको हो।

# परम्परागत सीप र हस्तकला आम्दानीको मुख्य स्रोत

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ बैशाख



हाम्रो समाजमा प्रविधिको विकाससँगै परम्परागत पुर्ख्यौली सीप छाडेर वैकल्पिक रोजगारीको खोजीमा युवा भौतारिने गरेका छन्। उनीहरु प्रविधिको विकाससँगै आफूमा भएको सीपको उपयोग छाडेर रोजगारीका निम्ति विदेश जान आतुर हुन्छन्। तर, तनहुँका भुजेल समुदायले परम्परागत पुर्ख्यौली सीपलाई बिहीबार पनि जीविकोपार्जनको आधार बनाइरहेका छन्। भुजेल समुदायका युवादेखि ज्येष्ठ नागरिकले पुर्ख्यौली सीपका रुपमा बाँसका हस्तकलालाई आयका रुपमा उपयोग गर्दै आएका छन्।

यी समुदायका प्रत्येक व्यक्ति सीपयुक्त छन्। बाँसका हस्तकला निर्माण गरी बिक्री गर्दै आफ्नो आम्दानी गरी जीविका चलाउँदै आएको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटका सावित्री भुजेल बताउनुहुन्छ। "हाम्रो समुदायका बालबालिकादेखि नै पुर्ख्यौली सीप सिकेका हुन्छौं। सिक्नुपर्छ भनेर बालबालिका तथा युवालाई प्रोत्साहन गर्दै पनि आएका छौं", उहाँ भन्नुहुन्छ, "पुस्ता हस्तान्तरण गर्न थालेका छौं।" हाम्रो समुदायका पुरुष वैदेशिक रोजगारी तथा अन्य पेसामा समावेश भए पनि महिला भने पुर्ख्यौली सीपबाट आत्मनिर्भर बनेका उहाँको भनाइ छ।

"महिलाको कमाइले घरपरिवार चलाउन सहज भएको छ, पुरुषको कमाइ केही भए पनि बचत गर्न सकिएको छ। यसबाट सङ्कटका बेला सघाउ पुग्छ।" पहिलाको जस्तो माग नभए पनि हालसम्म आम्दानीको मुख्य स्रोत हाम्रो हस्तकला नै भएको सावित्री बताउनुहुन्छ। अन्य पेसामा आबद्ध भएका भुजेल समुदायका व्यक्ति पनि हस्तकला निर्माणको सीपमा भने पोख्त हुने गरेका छन्। उनीहरुले निर्माण गरेको नाङ्लो, थुम्से, डोको, कुच्चो, डालो, नाम्लोलगायतका बाँसका सामग्री बिक्री गरेर आम्दानी गर्दै आएका छन्। यसबाट घरपरिवारको आवश्यकता पूरा गर्न सहयोग पुगेको छ। आँबुखैरेनी-१ एक्लेफाँटका इन्द्र भुजेल सानैमा सिकेको सीपले अहिलेसम्म आम्दानी गरिरहेको बताउनुहुन्छ। "हामीले बनाएका सामानको पहिला खासै मूल्य हुँदैनथ्यो। अहिले उचित मूल्य पाएका छौं", उहाँ भन्नुहुन्छ, "आम्दानीबाट घर चलाउन सजिलो भएको छ।" सामान बिक्री गर्न पहिला जस्तो दुःख गर्नु नपरेको इन्द्र बताउनुहुन्छ।

"पहिला सामान बोकेर बेच्न पुग्थ्यौं, अहिले गाडी गाउँमै लिन आइपुग्छ। त्यसैले हस्तकलाका सामान उत्पादन गर्न उत्साहित छौं।" सरकारले सीपको संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुऱ्याए देशकै आम्दानीमा टेवा पुग्ने उहाँको भनाइ छ। सकेसम्म मागअनुसारको सामान बनाउने कोशिस गरिहेको इन्द्रले बताउनुभयो। अधिकांश कच्चा पदार्थ दमौलीबाट ल्याउने गरिएको उहाँ बताउनुहुन्छ।

उचित नीति, प्रवर्द्धन र बजार व्यवस्थापन भएमा यस पेसाले ग्रामीण अर्थतन्त्रलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ। पछिल्ला वर्षमा बजारको पहुँच विस्तार, पर्यटनको वृद्धिसँगै बाँसबाट बनेका सामग्रीको माग बढ्दा यस पेसाले समुदायको आर्थिक अवस्थामा सकारात्मक परिवर्तन ल्याएको पाइन्छ। जिल्लाका आँबुखैरेनी, बन्दीपुर, देवघाटलगायत भुजेल समुदायका व्यक्तिले निर्माण गरेका सामग्री बिक्रीका लागि जिल्लाका विभिन्न ठाउँ तथा चितवन, काठमाडौं, पोखरा, नेपालगन्ज, बुटवल, वीरगञ्जलगायत ठाउँमा लैजाने गरिएको छ।


## सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ६ बैदाम खहरे कास्की स्थित माधव प्रसाद पहारी कि.नं. ५५ को क्षेत्रफल १०६.६० वर्ग मिटर, कि.नं.५९ को क्षेत्रफल १३०.४० साथै शान्ती पहारीको नाममा कि.नं. ५६ को क्षेत्रफल ३७६.०० भएको घरको अभिलेखीकरण गर्नु परेको हुँदा पूर्व मोहोडा कि.नं. ५२ र ५४ पश्चिम बाटो, उत्तर कि.नं. ५७ र उत्तर कि.नं. ५१ दक्षिण बाटोका सधियारा घर जग्गा धनी फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ६ बैदामको कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८३/०१/१८ गते (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस सहकारी संस्थाका तपशिल उल्लेखित शेयरसदस्यहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघेकाले कर्जा रकम बुझाउने सम्बन्धमा यस सहकारी संस्थाले बारम्बार तरताकेता, मैखिक भेटघाट तथा पत्राचार गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा र व्याज तथा संस्थाले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो ३५ दिने सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४ तथा प्रचलित ऐन नियम विनियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरि यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै ऋण लिदा धन जमानी दिने व्यक्तिहरुलाई समेत यसै सूचनाबाट जानकारी गराउदछौं।

**तपसिल**

| क.स | ऋणीको विवरण | फोटो | धितोको विवरण | धनजमानीको विवरण | फोटो |
|---|---|---|---|---|---|
| १ | **ऋणीको नाम : पबित्रा परियार**<br>ना.प्र.नं. : ४६३०२६/११७,कास्की<br>पतिको नाम : तुल बहादुर दमै<br>ससुराको नाम : केश बहादुर दमै<br>स्थायी ठेगाना :आर्बा बिजय-८, कास्की |  | **श्री पबित्रा परियार** को नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको पो.म.न.पा.१६,कास्कीको कि.नं. ४२१ क्षेत्रफल ५७.०० व.मि. र कि.नं. ४२३ क्षेत्रफल ९८.२६ व.मि. जग्गा | १. **नाम : तुल बहादुर दमै**<br>ना.प्र.नं. : ७१९, कास्की<br>स्थायी ठेगाना : आर्बा गा.बि.स.-०८, कास्की<br>बुबाको नामः केश बहादुर दमै<br>बाजेको नाम : जंग बहादुर दमै<br>२. **नाम : भेषराज आचार्य**<br>ना.प्र.नं. : ७४२२७, कास्की<br>स्थायी ठेगाना : अर्मला ०३, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा. १६, कास्की<br>बुबाको नाम : बलराम आचार्य<br>बाजेको नाम : मोतिलाल |  |
| २. | **ऋणीको नाम : पदमिनी वि.क.**<br>ना.प्र.नं. : ५४८३११६१<br>स्थायी ठेगाना : थासाङ गा.पा.-५, मुस्ताङ्ग<br>पतिको नाम : शंखल बि.क.<br>बाबुको नाम : लाल बहादुर बि.क.<br>ससुराको नाम : इन्द्र बहादुर बि.क. |  | **पदमिनी बि.क.** का नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको - अर्मला २, कास्की मा रहेको कि.नं.८५८, क्षेत्रफल ०-१०-३-० (३४१.७५ ब.मी) को जग्गा | १. **नाम : रशिला सुनार**<br>ना.प्र.नं. : १००३/१८२३६<br>स्थायी ठेगाना : पिप्ले ४, म्याग्दी<br>पतिको नाम : शुक बहादुर बि.क.<br>बाजेको नामः रमेश बि.क. |  |
| ३. | **ऋणीको नाम : जमुना दमै**<br>ना.प्र.नं. : ४६३००२/९९५ कास्की<br>स्थायी ठेगाना : पुम्दि भुम्दि -२६ कास्की<br>पतिको नाम : हरि कुमार दमै<br>बाबुको नाम : दधिराम दमै |  | **जमुना दमै** का नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको-लुकुमस्वांरा ८ पदेली वार्ड नं. ६, हाल पो.म.न.पा. २६, कास्की मा रहेको कि.नं. ७०९, क्षेत्रफल ०-१०-१-० को जग्गा | १. **नाम : कबिता परियार**<br>ना.प्र.नं. : ४६३००६/२५०<br>स्थायी ठेगाना : पो.म.न.पा. २५, कास्की<br>पतिको नाम : सन्तोष परियार<br>बाबुको नामः हरि कुमार दमै<br>ससुराको नाम : सन्त बहादुर दमै<br>२. **नाम : सन्तोष परियार**<br>ना.प्र.नं. : १६२२५७<br>स्थायी ठेगाना : पुम्दि भुम्दि -६, कास्की<br>बाबुको नाम : सन्त बहादुर दमै<br>३. **नाम : सुरज परियार**<br>ना.प्र.नं. : १४००३०<br>स्थायी ठेगाना : पो.म.न.पा.-२५, कास्की<br>बाबुको नाम : सन्त बहादुर दमै<br>बाजेको नाम : अमर सिंह परियार | <br><br> |
| ४. | **ऋणीको नाम : रामजी बस्ताकोटी**<br>ना.प्र.नं. : १५३९०७<br>स्थायी ठेगाना : कास्कीकोट ०८, कास्की,,<br>हाल पो.म.न.पा.-२४, कास्की<br>बाबुको नाम : सालिकराम बस्ताकोटी<br>बाजेको नाम : टिकाराम बस्ताकोटी |  | **रामजी बस्ताकोटी** का नाउमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेका -कास्कीकोट-८ मा रहेको कि.नं.७९० क्षेत्रफल ०–१३–२–३ कि.नं.३०१४ क्षेत्रफल ०–४–२–३ कि.नं.३००४क्षेत्रफल ०–४–१–२ कि.नं.३०१० क्षेत्रफल ०–६–२–० का जग्गाहरु | १. **नाम : रिता सुबेदी**<br>ना.प्र.नं. : ४६–०१–७२–०००७४<br>स्थायी ठेगाना : साबिक कास्कीकोट ०१, हाल कास्कीकोट-२४, कास्की<br>बाबुको नामः डिल्लीराम सुबेदी (चुवाई)<br>पतिको नाम : रामजी बस्ताकोटी<br>२. **नाम : सालिकराम बस्ताकोटी**<br>ना.प्र.नं. : १३८३०२<br>स्थायी ठेगाना : पो.म.न.पा.-२४, कास्की<br>बाबुको नामः टिकाराम बस्ताकोटी<br>बाजेको नाम : चन्द्रशोर बस्ताकोटी |  |
| ५. | **ऋणीको नाम : रमेश पौडेल**<br>ना.प्र.नं. : १३२४३८<br>स्थायी ठेगाना : ढिकुरपोखरी, ०७, कास्की<br>बुबाको नाम : रामेश्वर पौडेल<br>बाजेको नाम : प्रजापती पौडेल |  | **रमेश पौडेल**का नाउँमा मालपोत कार्यालय कास्की मा दर्ता कायम रहेको - कास्की ढिकुरपोखरी ०८, को कि.नं. २२७८, क्षेत्रफल २-६-०-३ (१२१४.१९ ब.मी.) जग्गा | १. **नाम : सम्झना खनाल**<br>ना.प्र.नं. : ३६१०३८/२१६६<br>स्थायी ठेगाना : सुनवल ०७, नवलपरासी<br>बाबुको नामः गंगा प्रसाद उपाध्याय<br>पतिको नाम : रमेश पौडेल |  |
| ६. | **ऋणीको नाम : बिजन गोतामे**<br>ना.प्र.नं. : ४९१००३/१८२३६<br>स्थायी ठेगाना कुन्जो गा.बि.स. ०७, मुस्ताङ्ग<br>बुबाको नाम : दिल बहादुर कामी<br>बाजेको नाम : ठुलो मन ब.कामी |  | **बिजन गोतामे**का नाउँमा मालपोत कार्यालय कास्की मा दर्ता कायम रहेको - कास्कीकोट १, कास्कीको कि.नं. २४४५,क्षेत्रफल १-६-३-२ ( ७२७.३१ ब.मी.) जग्गा | १. **नाम : शुक बहादुर बि.क.**<br>ना.प्र.नं. १९१११६३२ मुस्ताङ<br>स्थायी ठेगाना : घमि गा.वि.स.०३, मुस्ताङ बसपार्क, कास्की<br>बाबुको नामः रमेश विश्वकर्मा<br>२. **नाम : दिपक बि.क.**<br>ना.प्र.नं. १/५४८३०९९७ मुस्ताङ<br>स्थायी ठेगाना : कुन्जो गा.बि.स. ०७, मुस्ताङ्ग<br>बाबुको नामः दिल बहादुर बि.क.<br>बाजेको नाम : ठुलो मन ब.कामी | <br> |
| ७. | **ऋणीको नाम : मोहन प्रसाद अधिकारी**<br>ना.प्र.नं. : ११९४०७, कास्की<br>स्थायी ठेगाना : माछापुच्छ्रे -०६, कास्की<br>बुबाको नामः डिल्लीराम अधिकारी<br>बाजेको नाम : बृहस्पती अधिकारी |  | **ऋणी मोहन प्रसाद अधिकारी** का नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको धिताल गा.बि.स. ८ मा रहेको कि.नं. १४३८, क्षेत्रफल १-४-०-० (६३५.९० ब.मी.), १४३४, क्षेत्रफल ०-६-३-२ (२१८.५७ ब.मी.), १४२३, क्षेत्रफल ०-१०-०-० (३१७.९० ब.मी.) को जग्गा | १. **नाम : दिपा लामिछाने**<br>ना.प्र.नं १००१/१७५१४, कास्की<br>स्थायी ठेगाना : पो.म.न.पा. १५, कास्की<br>बुबाको नाम : चन्द्र बहादुर थापा<br>पतिको नाम : मोहन प्रसाद अधिकारी<br>बाजेको नाम : श्रीलाल लामिछाने<br>२. **नाम : नारायण प्रसाद अधिकारी**<br>ना.प्र.नं. : ४५२२५<br>स्थायी ठेगाना : पो.म.न.पा. ०६<br>बुबाको नाम : भिम प्रसाद अधिकारी<br>बाजेको नाम : त्रिलोचन अधिकारी<br>३. **नाम : साबित्रा पहारी**<br>ना.प्र.नं. : ४६३०२०/१४७<br>स्थायी ठेगाना : पो.म.न.पा. ०५<br>पतिको नाम : बिष्णु पहारी<br>बुबाको नाम : डिल्लीराम अधिकारी<br>बाजेको नाम : केशव पहारी | <br><br> |

## उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## Upakar Saving and Credit Co-operative Ltd.
पोखरा म.न.पा.-६, नारेश्वर, बसन्त बैठक, कास्की, फोन नं. ०६१-४५१३९२, ४५४६६३

# विद्यार्थीलाई सीप सिकाउन कपाल काट्ने तालिम दिइँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ बैशाख



जिल्लास्थित बेनी नगरपालिका-४ तातोपानीस्थित सरस्वती माध्यमिक विद्यालयका विद्यार्थीलाई सीप सिकाउने उद्देश्यले कपाल काट्ने तालिम सञ्चालन गरिएको छ। बेनी नगरपालिकाको 'हामी सक्छौं, हामी गर्छौं' कार्यक्रममार्फत सरस्वती माविसँगको सहकार्यमा विद्यार्थीलाई कपाल काट्नेसम्बन्धी आधारभूत सीप सिकाउन तालिम सञ्चालन गरिएको हो। यही वैशाख १५ गतेदेखि सुरु भएको तालिम २७ दिनसम्म सञ्चालन हुने प्रधानाध्यापक गुरुदत्त पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार तालिममा कक्षा ८, ९ र १० का २१ जना विद्यार्थी सहभागी छन्। उनीहरूलाई सैलुन व्यवसायी सञ्जय ठाकुरले विभिन्न 'डिजाइन'मा कपाल काट्ने सीप प्रदान गर्नुहुनेछ। पठनपाठन हुनेबाहेकको बिहान र बेलुकीको समयमा सीप सिकाउने व्यवस्था मिलाइएको विद्यालय व्यवस्थापनले जनाएको छ।

दैनिक जीवनयापनमा आवश्यक पर्ने सीपयुक्त जनशक्ति स्थानीयस्तरमा उत्पादन गर्ने, विद्यार्थीलाई पढाइसँगै सीप हासिल गर्न र व्यावसायिक भावनाको विकास गराउन प्रेरित गर्ने उद्देश्यले तालिम आयोजना गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रमान शाक्यले बताउनुभयो। तालिममा सहभागी विद्यार्थीले कपाल काट्ने सीपले घरपरिवार र टोलछिमेकमा आफन्तलाई आवश्यक पर्दा काम चलाउन सकिनुका साथै भविष्यमा व्यवसाय सञ्चालनमा पनि सहयोग मिल्ने उहाँको भनाइ छ। बेनी नगरपालिकाले विद्यार्थी र शिक्षालाई सीप र श्रमसँग जोड्न माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई विद्यालयमै सीप सिकाउन 'हामी सक्छौं, हामी गर्छौं' कार्यक्रम सञ्चालन गरी चारदेखि निरन्तरता दिँदै आएको छ। 'हाउस वायरिङ', 'प्लम्बिङ,' कपाल काट्ने, अतिथि सत्कार, खाना पकाउने, प्रेसर कुकर बनाउनेलगायत सीपमूलक तालिम सञ्चालन गर्न नगरपालिकाले १४ वटा विद्यालयलाई चालु आर्थिक वर्षमा रु एक लाखका दरले बजेट उपलब्ध गराइएको नगर प्रमुख सुरत केसीले जानकारी दिनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७, बेलघारी सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः बेलघारी सडक निर्माण
ठेगानाः पोखरा-१७, खहरे मार्ग
योजना सम्झौता मिति : २०८२/०८/०७ गते
योजना सुरु मितिः २०८२/०८/१५ गते
योजना सम्पन्न हुने मितिः २०८२/११/२५ गते
योजनाको कुल लागतः रु. १०,०६,७७८।-
महानगरपालिकाबाटः रु. ९,००,०००।-
जनसहभागिताबाटः रु. १,०६,७७८।-
उपभोक्ता समिति अध्यक्षः ओल बहादुर कार्की
सम्पर्क नं.: ९८४६०५०१५३
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**बेलघारी सडक निर्माण उपभोक्ता समिति**
**पोखरा-१७**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४, इन्द्रमार्ग बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः इन्द्रमार्ग बाटो ढलान
ठेगानाः पोखरा-१४
योजना सम्झौता मिति : २०८२/१०/०९ गते
योजना सुरु मितिः २०८२/१०/१० गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/२५ गते
योजनाको कुल लागतः रु. ७,१५,४३६.६४
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. २,१५,४३६.६४
उपभोक्ता समिति अध्यक्षः राकेश गुरुङ
सम्पर्क नं.: ९८२०२६६५२९
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**इन्द्रमार्ग बाटो ढलान उपभोक्ता समिति**
**पोखरा-१४**